# कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदका सम्वत् २०७६ साल श्रावण १४ गते देखि २०७६ साल आश्विनसम्मका निर्णयहरु:

## २०७६ साल साउन १४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा कर्णाली प्रदेश र जन-गणतन्त्र चीनको उत्तर-पश्चिम क्षेत्रमा अवस्थित शान्सी (Shaanxi) प्रान्तबीच भगिनी सम्बन्ध कायम गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँपालिका/नगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्डको आधारमा नरहरीनाथ गाउँपालिकाले तयार गरेको ड्रइङ्ग, डिजाइन र लागत अनुमान हेरी प्रदेश सरकारले सो गाउँपालिकाको भवन निर्माण गरिदिने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ दोस्रो संशोधन गर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ पहिलो संशोधन गर्ने।

५. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषय मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।

६. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोष (संचालन) निर्देशिका, २०७६ स्वीकृत गर्ने सम्बन्धी विषय मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।

## २०७६ साल भाद्र ६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा कर्णाली प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापन स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा दैलेख जिल्लाको गुराँस गाँउपालिकाको प्रशासनिक केन्द्र परिवर्तन गर्ने सम्बन्धमा नेपाल सरकारमा सिफारिस गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा जुम्ला जिल्लाको कनकासुन्दरी गाँउपालिकाको नाम परिवर्तन गर्ने सम्बन्धमा नेपाल सरकारमा सिफारिस गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा प्रदेश कानून नबनेका विषयमा त्यस्ता कानून नबनेसम्मका लागि संघीय कानून अनुसार कार्य सञ्चालन गर्ने सम्बन्धमा हाल केहि गर्नु नपर्ने।

५. उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश वातावरण संरक्षण विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने सम्बन्धमा वातावरण संरक्षण सम्बन्धी संघीय कानूनी व्यवस्था तथा अन्य पक्षहरुको समेत थप अध्ययन गरी बिधेयकको मस्यौदा तयार गर्न उपयुक्त देखिएकोले सम्बन्धित मन्त्रालयमा प्रस्ताव फिर्ता पठाउने।

६. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा विधेयकमा केही परिमार्जन सहित प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

७. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोष (संचालन) निर्देशिका, २०७६ स्वीकृत गर्ने सम्बन्धमा कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐनको विधेयक पेश हुने क्रममा रहेको सन्दर्भलाई समेत विचार गरी थप अध्ययन गरी पेश गर्न सम्बन्धित मन्त्रालयमा प्रस्ताव फिर्ता पठाउने।

<u>२०७६ साल भाद्र १६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:</u>

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा दैलेख जिल्लाको भगवतीमाई गाँउपालिकाको प्रशासनिक केन्द्र परिवर्तन गर्ने सम्बन्धमा नेपाल सरकारमा सिफारिस गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ स्वीकृ गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा विनियोजन ऐन (पहिलो संशोधन) विधेयक, २०७६ प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने।

४. यहि सेप्टेम्बर ५ देखि ८ सम्म अजरबैजानको राजधानी बाकुमा हुने आइक्याप (International Conference of Asian Political Parties) को युवा वीङको पाँचौ र महिला वीङको छैटौं बैठकमा सहभागि हुन प्रदेश योजना आयोगका सदस्य माननीय योगेन्द्र बहादुर शाहीको वैदेशिक भ्रमण स्वीकृत गर्ने।

<u>२०७६ साल आश्विन ३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:</u>

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा नयाँ संरचना अनुसार कार्यालयका भौतिक सम्पत्ति तथा जनशक्तिको व्यवस्थापन सम्बन्धमा देहायबमोजिम गर्ने।"

   १) मन्त्रालय/सचिवालय/कार्यालयहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७६।०५।३१ मा पठाइएको संगठन तथा दरबन्दी संरचना अनुसार गर्ने।

   २) कार्यालयहरु एकिकृत भई हाल कायम नरहेका साविक कार्यालयमा कार्यरत कर्मचारी र ती कार्यालयका भौतिक सम्पत्तिको उचित व्यवस्थापनका साथै कार्यक्षेत्र विस्तार भएका र नयाँ स्थापना भएका कार्यालयहरुको कार्यालयभवन र कर्मचारी व्यवस्थापन गरी नियमित कार्य सञ्चालन गर्ने व्यवस्था सम्बन्धित मन्त्रालयले मिलाउने।

   ३) वनरक्षक लगायत केही कर्मचारीहरुलाई पुल दरबन्दीमा राख्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले पुल दरबन्दीमा राखी कामकाजमा लगाउने र तलव भत्ता खुवाउने व्यवस्था गर्ने।

   ४) साविक कार्यालयबाट सञ्चालन हुने गरी तय भएका कार्यक्रमहरुका सम्बन्धमा प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी नयाँ संरचना अनुसार सञ्चालनगर्ने व्यवस्थासम्बन्धित मन्त्रालयले मिलाउने।

   ५) डिभिजन वन कार्यालय अन्तर्गतका सबडिभिजन वन कार्यालयहरु रहने स्थान मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी सम्बन्धित मन्त्रालयले तोक्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा आ.व.२०७५।०७६ को बजेट खर्च तथा कार्यक्रम कार्यान्वयन छानविन समिति गठन गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश विनियोजन ऐन, २०७६ को दफा ९ बमोजिम बजेट कार्यान्वयन सहजताको लागि आदेश जारी गर्ने।

४. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा भ्यागे नेपाली भन्ने अमर दमाई लाई उपचार सहयोग वापत विल भरपाई पेश गर्ने गरी रु.१ लाख आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकासा लिई उपलब्ध गराउने।

५. मन्त्रिपरिषद्को मिति २०७६ भाद्र १६ को निर्णयबाट प्रदेश सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन ऐन (पहिलो संशोधन) विधेयक, २०७६ प्रदेश सभाबाट फिर्ता लिन आर्थिक मामिला तथा योजना मन्त्रीलाई स्वीकृति प्रदान गर्ने।"

<u>२०७६ साल आश्विन ९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:</u>

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश जलचर संरक्षण सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला के.सी.को अष्ट्रेलियाको वैदेशिक भ्रमण स्वीकृतिका लागि नेपाल सरकारमा अनुरोध गर्ने।

३. कर्णाली प्रदेश सभाको चौथो अधिवेशन अन्त्य गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने।

४. प्रदेशमा योजनाहरुको संभाव्यता अध्ययन र परियोजनाहरुको विस्तृत प्रतिवेदन तयारीको लागि चाइना थ्री गर्जेज कर्पोरेशनसँग आवद्ध Shanghai Investigation, Design & Research Institute Co. Ltd सँग सहयोग लिन स्वीकृतिका लागि नेपाल सरकारलाई अनुरोध गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ।*